मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

## दोस्रो ऐतिहासिक दीक्षान्त समारोहको कार्यक्रम सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०७८।११।२८)**

मध्यपश्चिम विश्वविद्यालयको दोस्रो ऐतिहासिक दीक्षान्त समारोह मिति २०७८ चैत १६ गते (March 30, 2022) बुधबार बिहान ११:०० बजे मध्यपश्चिम विश्वविद्यालयको केन्द्रीय कार्यालय, वीरेन्द्रनगर–८, कुइनेपानीमा आयोजना गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। उक्त समारोहमा सहभागी हुन आवेदन दिएका विद्यार्थीहरू सोही दिन बिहान १०:०० बजेभित्र समारोह स्थलमा प्रवेशका लागि आफ्नो गाउन सेट वा दीक्षान्त आवेदन शुल्क तिरेको रसिद देखाई तोकिएको स्थानमा बस्नुपर्नेछ। यस समारोह सम्बन्धी अन्य जानकारी निम्नानुसार रहेको छ।

**१) गाउन सेट (गाउन/स्कार्फ/टोपी) सम्बन्धी :**

समारोह सञ्चालन हुने दिन गाउन सेट वितरण नगरिने भएकोले सम्बन्धित विद्यार्थीहरूले निम्न बमोजिम आफूलाई पायक पर्ने गरी आफ्नो गाउन सेट लिइसक्नुपर्नेछ। गाउन सेट नपहिरिने विद्यार्थीलाई दीक्षित हुने विद्यार्थीहरूसँग बस्न दिइनेछैन।

क) मिति २०७८ चैत ९ गतेदेखि चैत १५ गतेसम्म (बिदाको दिनमा समेत) बिहान ११:०० बजेदेखि ४:०० बजेसम्म गाउन सेट वितरण गरिनेछ।

ख) गाउन सेट वितरण गरिने स्थान : मध्यपश्चिम विश्वविद्यालय, केन्द्रीय कार्यालय रहेको स्थान कुइनेपानी।

ग) गाउन सेट प्राप्त गर्न ल्याउनुपर्ने कागजात : नागरिकताको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कुनै पनि प्रमाणपत्रको प्रतिलिपि।

**२) पोसाक सम्बन्धी :**

समारोहमा सहभागी हुन आउने विद्यार्थीहरूले आफूले लगाएको पोसाकको बाहिरबाट मध्यपश्चिम विश्वविद्यालयले प्रदान गरेको गाउन सेट पहिरिनुपर्नेछ।

**३) प्रमाणपत्र वितरण सम्बन्धी :**

क) प्रमाणपत्र वितरण गर्ने कार्य दीक्षान्त समारोह स्थलको प्रमाणपत्र वितरण काउन्टरबाट गरिनेछ।

ख) दीक्षान्त समारोहमा सहभागी हुन आवेदन दिएका तर सो दिन उपस्थित हुन नसकेका विद्यार्थीहरूको प्रमाणपत्र दीक्षान्त समारोह पश्चात् कार्यालय खुल्ने दिन परीक्षा व्यवस्थापन कार्यालयबाट प्रदान गरिनेछ।

**४) गाउन सेट धरौटी फिर्ता सम्बन्धी :**

निम्न बमोजिम गाउन सेट फिर्ता गरे पश्चात् मात्र सम्बन्धित विद्यार्थीहरूको धरौटी रकम फिर्ता गरिनेछ।

क) गाउन सेट फिर्ता गर्ने अवधि : मिति २०७८ चैत १८ गतेदेखि ३० गतेसम्म (बिदाको दिन बाहेक) बिहान ११:०० बजेदेखि ४:०० बजेसम्म हुनेछ।

ख) विद्यार्थीहरूले लगेको गाउन सेट फिर्ता गर्दा मध्यपश्चिम विश्वविद्यालय, केन्द्रीय कार्यालय रहेको स्थान कुइनेपानीमा गर्नुपर्नेछ।

ग) गाउन सेट फिर्ता पश्चात् उक्त स्थानबाट आफूलाई प्राप्त भएको गाउन सेट क्लियरेन्स प्रमाण, आवेदन फाराम बापत परीक्षा व्यवस्थापन कार्यालयले प्रदान गरेको रसिद र आफ्नो परिचय खुल्ने प्रमाणको प्रतिलिपि परीक्षा व्यवस्थापन कार्यालयमा पेस गरेपछि धरौटी रकम फिर्ता गरिनेछ।

घ) गाउन सेट तोकिएको मितिभित्र फिर्ता नगर्ने विद्यार्थीको धरौटी रकम फिर्ता गरिनेछैन।

**विशेष सूचना :**

➤ **दीक्षान्त समारोहमा सहभागी हुन आवेदन दिएका विद्यार्थीहरूमध्ये केही विद्यार्थीहरूको फोटो, प्रमाणपत्रहरू एवं नागरिकतामा कैफियत देखिएमा सोको जानकारी सम्बन्धित विद्यार्थीको इमेल ठेगानामा पठाइनेछ। सो अनुसार आवश्यक काम गरी सम्बन्धित विद्यार्थीले मिति २०७८ साल चैत १० गतेभित्र परीक्षा व्यवस्थापन कार्यालयमा सम्पर्क राख्नुपर्नेछ अन्यथा निजलाई दीक्षान्त समारोहमा सहभागी गराइनेछैन।**

**परीक्षा व्यवस्थापन प्रमुख**

Scanned with CamScanner